Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष–१४ , अंक– १०, २०७८ साल असोज १२ गते मंगलबार (Sep 28, 2021) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com


# अटो क्षेत्रमा सरकारको चासो कहिले जान्छ ?

मोहन कार्की

**सवारी साधनको क्षेत्रलाई खोजेर गरिएको टिप्पणी**

विश्व विकासको पछि लागेर कतिपय मुलुकले अरुकै सिकेर पनि बिज्ञान प्रविधिको अनुसरण गर्दै देशका नागरिकहरुलाई सेवा, सुविधा दिएका देखिन्छन् । त्यसको पछिल्लो उदारण हो इन्डिया, कोरिया, चाइना, लगायत देशले अटो अर्थात सवारी साधन उत्पादन गर्ने क्षेत्रमा उल्लेखिय मात्रमा लगानी गरेर धेरै भन्दा धेरैलाई रोजगार सृर्जना गर्नुको साथै राष्ट्रलाई राजश्व तथा विश्व बजारमा आफ्नो ब्यापारको हिस्सा पनि स्थापित गर्न सकेका छन् ।

यो सफलता उनिहरुले आजको आजै गरेको भने होइन । उनिहरुको देशका सम्बन्धित निकायले गरेको अध्ययन, अनुसन्धान र उनिहरुका विज्ञले निकालेको निचोडलाई त्यस देशको सरकारले समेत सहयोग वा लगानी मैत्री वातावरण तयार गरेर आफ्नै देशमा अटो पलान्टहरु स्थापना गरी देशको गर्व बढाएका छन् भने अर्कोतर्फ मनग्य आम्दानी समेत गरेका छन् । ति इन्डिया, चाइना, कोरियाले पनि शुरुमा अरु देशले उत्पादन गरेका साधन ल्याएर नै बेच्ने गर्दथे । हाल कुनैले आफैले प्लान्ट स्थापना गरेर



बेच्छन् कुनैले रोयल्टी अरुदेशलाई तिरेर आफ्नै देशमा प्लान्ट स्थापना पनि गरेका छन् । जस्तै इन्डियामा उत्पादन हुने सुजुकी, मारुती हरु हुन् । भने आफैले प्लान्ट स्थापना गरेको कोरियामा उत्पादन हुने होण्डाइ, किया, चाइनामा उत्पादन हुने वेला, हाउजे जस्ता नेपालमा बिक्रीका लागि राखिएका छन् । अन्य पहिला नै विकास भएका मुलुक फान्स, जर्मन, इटली,अमेरिका, इगल्याण्डका सवारी साधन पनि नेपालमा बिक्रीका लागि रहेका छन् ।

जापानको म्याुफ्याचर्स रहेको हिरो, होण्डा भएपनि पछिल्लो समयमा इन्डियामा त्यसको पलान्ट नै खोलेर केही रोयल्टी मात्र होण्डा र हिरोले लाने गरेको छ । भने इन्डियामा आफ्नै उत्पादन गरेको टाटा कम्पनीका कार, ट्रक, बस, जीप, रहेका छन् भने बजाज कम्पनीले उत्पादन गरेको मोटरसाइकल पल्सर, डिसकभरले नेपालमा समेत बजारको ठुलो हिस्सा राखिरहेको छ । जापानीज नै तर इन्डियामा उत्पादन गरेर पठाउने यमाहाका साधनहरु पनि नेपाली बजारमा छन् । नेपाली बजारमा बिभिन्न देशका उत्पादन जस्तै मित्सुबिसी कार, प्राडो, लिल्याण्डका ट्रक,बस, बतासको ट्रक,बस, मिनी टाटा, क्रसचेक, हाउजेका बाइकहरु पनि नेपालमा छन् । टोयोटा, महिन्दा कम्पनीका सवारी साधनहरु पनि नेपालमा आइराखेका छन् ।

पछिल्लो समयमा इलेक्ट्रीक सवारी साधनहरु पनि नेपाली बजारमा उल्लेखिय मात्रमा आउन थालेका छन् । मानिसहरु सुविधाभोगी बन्दै गएको र अनिवार्य बाँकी ६ पृष्ठमा

# पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेको छ : प्रधानमन्त्री देउवा

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले विविधताको समुचित संरक्षण, सम्बर्द्धन र उपयोगबाट नेपाललाई सुरक्षित भरपर्दो पर्यटन गन्तव्यका रुपमा विश्वसामु थप स्थापित गर्नु यस क्षेत्रमा लागेका सरोकारवाला सबैको साझा लक्ष्य भएको बताउनुभएको छ ।

४२ औं विश्व पर्यटन दिवसका अवसरमा दिनुभएको शुभकामना सन्देशमा पर्यटकीय गन्तव्यको पहिचान, विकास र प्रबर्द्धनका माध्यमबाट आय तथा रोजगारी सृजना गरी लाभको वितरण स्थानीय समुदायसम्म पुर्याउन सके आर्थिक समृद्धि हासिल गर्न सकिने प्रधानमन्त्री देउवाले उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री देउवाले सरकारले आर्थिक वृद्धि र विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै आएको बताउनुभएको छ ।

सो सन्देशमा प्रधानमन्त्री देउवाले नेपालको पर्यटन क्षेत्रको विकास र प्रबर्द्धनमा निजी क्षेत्रको प्रयास प्रशंसनीय रहेको उल्लेख गर्दै यस क्षेत्रको पूर्वाधार विकास र नयाँ गन्तव्यको पहिचानका लागि सरकार सहुलियत दिन, सहजीकरण र सहकार्य गर्न तयार रहेको बताउनुभएको छ । अन्तर्राष्ट्रियस्तरमा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय मञ्चमार्फत पर्यटन प्रबर्द्धन र सहकार्यका प्रयास पनि हुँदै आएको प्रधानमन्त्रीले उल्लेख गर्नुभएको छ ।

पर्यटन क्षेत्र कोभिड(१९को सङ्कटबाट ग्रस्त रहेको, व्यवसायहरू जोखिममा रहेको र कर्मचारी तथा कामदारको आम्दानी गुमेको सन्दर्भमा सरकारले यस क्षेत्रलाई पुनरुत्थान गर्न शुल्क तथा कर छुट, कोभिड(१९ विरुद्धको खोपमा प्राथमिकता दिनेलगायतका नीतिगत व्यवस्था गरेको पनि प्रधानमन्त्री देउवाले सो सन्देशमा बताउनुभएको छ । आगामी दिनमा पर्यटन क्षेत्रलाई जोखिम बहन गर्न सक्ने क्षेत्रका रुपमा विकास गर्न व्यवसाय बीमा, कामदार र कर्मचारीको सामाजिक सुरक्षा र पर्यटन जोखिम कोष व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइएको उहाँको भनाई छ ।

# नाडाको ४५ औं वार्षिक साधारण सभा मसिंरमा हुने

काठमाडौं । नाडाको ४५ औं वार्षिक साधारण सभा तथा निर्वाचन २०७८ साल मसिंर २२ र २३ गते होटेल सोल्टीमा सम्पन्न हुने नाडाले जनाएको छ ।

नाडाका अध्यक्ष कृष्णप्रसाद दुलालको अध्यक्षतामा मिति २०७८ साल अशोज ८ गते होटेल सोल्टीमा बसेको केन्द्रीय कार्य समितिको बैठकले सो निर्णय गरेको हो ।

नाडाको संशोधित विधान २०७८ अनुसार प्रत्येक दुई बर्षमा अध्यक्ष लगायत संस्थागत तथा साधारण गरी २७ जना केन्द्रीय कार्य समितिको निर्वाचन हुनेछ । नाडाले ७ वटै प्रदेशमा संस्थागत प्रदेशस्तरिय एशोसिएशन समेत गठन गरिसकेको जनाएको छ ।

सो बैठकमा अध्यक्ष दुलालले नाडाको ट्राफिक जनचेतना सम्बन्धी कार्यक्रमलाई देशव्यापी बनाउन नाडाका ७ वटा प्रदेशस्तरिय एशोसिएशनका अध्यक्षहरुलाई ट्राफिक ज्याकेट लगायत, जनचेतनामूलक स्टिकर, र कोभिड विरुद्धको मास्क समेत हस्तान्तरण



गरेको नाडाले जनाएको छ ।

नाडाका अनुसार ती सामानहरु नाडाका प्रदेश एशोसिएशनहरुले सम्बन्धित ट्राफिक कार्यालयहरु मार्फत वितरण गर्ने छन् । नाडाले गत भाद्र २५ गते त्रिपुरेश्वर चोकमा महानगरिय ट्राफिक प्रहरी महाशाखाको सहयोग र सहभागितामा त्यस्ता सामानहरु वितरण गरेको थियो ।

# नाडाका प्रतिनिधिले भेट्यो अर्थमन्त्रीलाई

काठमाडौं । मिति २०७८ साल भाद्र ३० गते नाडाका उपाध्यक्ष करण चौधरीको नेतृत्वमा गएको ८ सदस्यीय प्रतिनिधि मण्डलले अर्थ मन्त्री जनार्दन



शर्मासंग भेटी २०७८/०७९ को प्रतिस्थापन बजेटले अटोमोवाइल क्षेत्रमा पारेको प्रभाव बारे विस्तृत रुपमा छलफल गरेको नाडाले जनाएको छ ।

उक्त छलफलमा उपाध्यक्ष चौधरीले एसेम्बलगरी नेपालमा सवारी साधन उत्पदान गर्ने उद्योगले अनएसेम्बल अवस्थाका शीर्षक ८७.०२ ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन विक्री गर्दा लाग्ने अन्तशुल्क महशुलमा ५० प्रतिशत छुट दिने स्पष्ट व्यवस्था गरिएकोमा नाडाले त्यसको स्वागत गरेको बताउदै एसेम्बल कति पाटर्समा आउनु पर्ने हो, कुन पार्टस एसम्बलिङ्ग हो, सरकारले त्यसको स्पष्ट बर्गिकरण गर्नु पर्ने धारणा राखेका थिए ।

सो छलफलमा चौधरीले नेपालमा गुणस्तरिय लुव्रिकेण्टसको आयात र उत्पादनका लागि सरकारले सोही अनुरुप नीति ल्याउनु पर्ने आग्रह गर्दै सरकारले बाँकी ६ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# दशैंको समयमा यातायात क्षेत्रलाई व्यवस्थित गराऔं

नेपालीहरुको महान पर्व बिजया दशमी- तिहार र छठको यो समयमा अन्य समयभन्दा मानिसहरु एकठाउँवाट अर्को ठाउँ जाने चाप अत्याधिक बढेको हुन्छ । यस समयमा हर्ष खुशीले मानिसहरु रमाइरहेका हुन्छन् । धेरै जति ब्यवसायीहरुले यस्तो हर्षको राष्ट्रिय चाडमा मानिसहरुको कल्याण नै चिताएका हुन्छन् र यातायात क्षेत्रमा यात्रुलाई खुशी बनाएर यात्रा गराउने चालक सह चालकहरुको ब्यवहार हुदै आएको देखिन्छ । यो उनिहरुको कर्तब्य पनि हो ।

तर केही केही यातायात क्षेत्रमा रहेका गलत मनोबृति बोकेका ब्यवसायीहरुले कालो बजारी गरेर गलत काम गरेका कारण बेला बेलामा यातायात क्षेत्र नै बदनामित हुनेगरी हल्ला बजारमा आउने गर्छन् । यस बर्ष पनि सदाझैं त्यसै नहोला भन्न सकिदैन । त्यसैले समयमा नै सम्वन्धित निकायहरुले आग्रीम तयारी गरेर सर्वसाधरण यात्रुहरुको सुरक्षा यातायातमा सहज यात्रा, सुलभ मुल्यमा आवज जावत गर्न पाउन भन्नका लागि कुनै पनि कसर बाँकी नराखी काम गर्नुपर्ने देखिन्छ ।

जसमा सरोकार निकाय र आम नागरिक बीचको अन्तर सम्बन्ध कसरी विकास गर्ने सम्भावित क्षेत्रमा विगतमा बल्याक मेलिङ अर्थात टिकटको कालो बजारी गर्ने गिरोहको पहिचान गरेर त्यस्ता गिरोहका ब्याक्तिहरुको निगरानी बढाउने र त्यस्ता आमशिक अपराधिक घटनाहरु सकेसम्म घट्न नदिने र घटि हालेमा तत्कालै कसरी त्यस्ता घटना घटाउने अपराधिक गिरोहसँग पुग्ने र ति अपराधिहरुलाई नियन्त्रणमा लिएर यातायात क्षेत्रलाई ब्यवस्थित गर्ने काम गरेर देखाउनु पर्छ । त्यो काम सुरक्षा निकायको हो ।

यसमा सुरक्षा निकाय मात्र सक्रीय भएर पुग्दैन उत्तिक्कै आम नागरिक पनि सचेत हुनुपर्छ म काहा जादैछु । कुन समयमा जाने हो । जादा घरवाट वा कोठावाट हिड्दा समयमा निस्कने र नआत्तिकन सोच विचार गरेर यातायात चढ्ने ठाउँसम्म पुग्ने कुनै शंकस्पद ब्याक्ति समूह कतै देखिएमा सचेत हुने र प्रहरी प्रशासनलाइ समयमा नै खवर गरेर घटना हुनवाट जोगिने यसरी चाडवाडलाई सवै मिलेर ब्यवस्थित बनाउन सवैले सवै क्षेत्रवाट एक अर्कामा परामर्श गरेर मनाउन सकिन्छ ।

विशेष गरेर यातायात क्षेत्रमा हुने चापलाई नेपालका रुटहरुमा नयाँ गाडीहरुलाई इजाजत दिएर यस बर्ष अझै ब्यवस्थित गराउन लागेको छ । उक्त अवसरमा अनलाईनबाट समेत सजिलै आफ्नो गन्तब्य पुग्न लाग्ने भाडाको समेत निर्धारण मुल्य सरकारले नै तोकिदिएको छ ।

यस्ता सामान्य भन्दा सामान्य कुराहरु पुराना पुस्ता जसका बुबा आमाले जान्दैनन् उनिहरुका छोराछोरीले स्कुल, कलेज पढेर हाशिल गरेको शिक्षालाई यस्ता ब्यवहारिक जीवनमा पनि लागु गरेर सभ्य समाज निर्माणमा भूमिका निर्वाह गर्नसक्ने अवसरहरु हुन् ।

यस्ता कार्याहरु अहिलेका युवापुस्ताले बुबा आमाले नजानेका कुराहरुलाई झिझार नमानि सहयोग गरेर समाज प्रतिको जिम्मेवारी हुनुको साथै समाज ब्यवस्थित गर्ने कुरामा अहम भूमिका खेल्नुपर्छ ।

यसरी सवै क्षेत्रवाट समाजलाई ब्यवस्थित गर्न प्र्न्यास गर्‍यौ भने यो बर्षको उल्लासमय बिजया दशमी लगायत महत्वपूर्ण पर्वलाई ब्यवस्थित गर्न सकिन्छ ।

# निष्पक्ष निर्वाचन गराउनु मेरो दायित्व हो



तस्वीर : विजय जिरेल

कृष्ण प्रसाद दुलाल
अध्यक्ष, नाडा अटोमोवाइल्स एशोसिएसन अफ नेपाल

***स्वागत जन आकाश मिडियामा ।***

- धन्यवाद

***तपाई नाडाको अध्यक्ष भएको कार्यकालमा भएका प्रगतिको वारेमा बताइदिनुस न ?***

- समग्रमा नाडा एशोसिएसन अफ नेपाल भन्नाले यो यातायात क्षेत्रका व्यवसायीहरुको हकहित गर्नको लागि यो संस्था खोलिएको हो । यो संस्थाले देशभरी रहेका अटो व्यावसायीलाई प्रमोट गर्ने र सरकारलाई पनि राजश्व बुझाउने फेयर ट्रेड गर्ने साथै व्यवसायी वातवरण मैत्री बनोस् भन्नका लागि हामीले काम गरिरहेका छौं ।

म अध्यक्ष भइसकेपछि देशभरीका सातवटै प्रदेशमा नाडाका सस्थागत सदस्यहरु बनाइ सकेको छौं । सातवटै प्रदेशका सदस्य मार्फत सातवटै प्रदेशमा त्यँहाको लोकल सरकारसँग काम गर्ने गरी त्यहाका यातायात कार्यालयसँग समन्वय गरेर काम गर्न सक्ने गरी नाडाका संस्थागत विकास गरेका छौ र त्यसले सवै अटो व्यावसायीहरुलाई फाईदा पुगेको हामीले महसुस गरेका छौ । देशभरी रहेका अटो क्षेत्रका व्यावसायीहरु सवै नाडामा आवद्ध हुन् भन्ने उदेश्य राखेर हामीले काम गरिरहेका छौं ।

अर्को तर्फ सरकारले गरिरहेको कतिपय कुराहरुमा सरकारसँगको समन्वमा जस्तै भन्सार, करहरुमा तालमेल गर्नुपर्ने क्षेत्रमा पनि नाडाले काम गरिरहेको छ । याहाहरुले पनि देख्नु भएकै छ । हामीले सरकारसँग कुराहरु राखिरहेका छौ । यसै बर्षको नयाँ बजेटमा पनि नाडाले दिएका सुझावहरु समेटेर आएको छ । भने त्यो बजेटलाई प्रतिस्थापन गर्ने गरी आएको परिवर्तित सरकारले पनि अटो क्षेत्रलाई प्रत्यक्ष फाईदा पुग्नेगरी कार्यक्रम ल्याएको छ । त्यसैले अटो क्षेत्रमा उद्योगहरुको विकास हुने सम्भावना पनि बढेको छ । केही हाम्रा एक दुईवटा मागहरु मात्र सरकारसँग पुरा गराउन बाँकी रहेका छन् । ति मागहरुको बारेमा पनि हामी निरन्तर छलफलमा नै छौ । यो लामो समयको कोभिडको समयमा पनि हाम्रो व्यावसाय राम्रो नै रहेको यहाहरुलाई जानकारी गराउन चाहान्छु ।

***सरकारसँगले धेरै जति माग पुरा गरेको छ भन्नुभयो, बाँकी कहिले कहिले पुरा होला भन्ने विश्वास गर्नुहुन्छ ?***

हामीले निरन्तरको प्र्यासवाट नै यो सम्भव भएको हो । राजश्व, कर, भन्सार सवै क्षेत्रका साथीहरुसँग समन्वयकारी भूमिकामा हामी छौ । उँहाहरुले जसरी सकरात्मक रुपमा लिएर व्यसायीका समस्यालाई सहजीकरण गर्न भूमिका निर्वाह गर्नु भएको छ । त्यसैगरी बाँकी रहेका कामहरु पनि समन्वय र छलफलवाट नै पुरा गर्न सक्छौ भन्ने हाम्रो विश्वास रहेको छ ।

नाडाले व्यवसायी र सरकारसँगको पुलको रुपमा काम गरिरहेको छ । हामीले सडक दुघटना कम होस् भनेर सामाजिक काममा समेत ट्राफिक महाशाँखा सँग समन्वय गरेर जनचेतना मुलक कार्यक्रमहरु गर्दै आएका छौ । कोभिड हुनुभन्दा अगाडि त कार्यक्रमहरु नै आयोजना गरेर सामाजिक उत्तरदायित्व बहन गदै आएका थियौ भने कोभिड पछिपनि प्रत्यक्ष सडकमा खटिने ट्राफिक प्रहरीहरुलाई सेफ्टीका सामग्रीहरु जस्तैः माक्स, स्यानिटाईजर, हयान्ड वलोवस, ब्यानर, स्टीकर लगायत जनचेतना फैलाउने सामग्रीहरु समेत वितरण कार्यक्रम गरेका छौ । यो नाडाले गर्नुपर्ने दायित्वभित्र पर्दथ्यो । ट्राफिक र नाडा मिलेर सडकमा दुर्घटना कसरी कम गराउन सकिन्छ र जनचेतना अविबृद्धि कसरी गराउन सकिन्छ भनेर काम गरिराखेका छौ ।

***नाडाले वर्षमा एउटा अटो शो गर्दै आएको थियो नगर्दा व्यवसायमा असर परयो की परेन ?***

सम्पुर्ण व्यवसाय क्षेत्रमा कोभिडको कारण समस्या परेको बेलामा अटो शो गर्न नपाउदा म त्यसलाई ठुलो समस्या मान्दिन हुन सकेन हामीले सरकारसँग माग पनि गरेका थियौ । उहाँहरुले मान्नु भएन । सारधरणसभा त गर्न दिनुभएन । गर्न हुनुपनि हुदैनथ्यो स्वास्थको मापदण्ड पालना गरेर गर्छु भन्दा पनि पचासौ हजार भेला हुने ठाउँमा यो कोभिडको माहामारीमा गर्न हुदैनथ्यो । त्यो गरिएन पनि र त्यसले हामीलाई त्यति ठुलो असर त गरेको छैन । त्यो भनेको ब्रण्डिङ हो । त्यो गर्नुपर्छ त्यो हामीले जहिले पनि गदै आएका थियौ । सामान बेचेर मात्रै कमाउने भन्दापनि ब्रण्डिङ गरेर जन चेतना र मान्छेलाई यातायातको साधनको ज्ञान, ट्राफिक नियमको धेरै कुराहरु नाडा अटो शो नाडाले व्यवसाय मात्र भनेर मात्र गरेको हुदैंन । धेरै कुरा जोडिएको हुन्छ । त्यो कुरा गर्न नपाएकोमा हामी दुःखी छौ तर व्यवसायमा त्यति ठुलो असर परेको छैन । हामीले पछिल्लो अवसथा बुझेर फागुन ९ देखि १४ गतेसम्म अटो शो गर्ने निर्णय गरेका छौं ।

**नेपालमा अटो क्षेत्रमा ठुलो लगानी देखिन्छ । विदेशी सामानहरु आयात गर्दा भन्सार, कर महँगो भो भनेर गुनासो गरेको सुनिन्छ । नेपालमा अटो उधोगको सम्भावना के छ ?**

नेपालमा धेरै अटोका उधोगहरु खुलेका छन् । खुल्दै पनि छन् । यसमा दुईतीनवटा कुराहरु राख्नु पनि पर्छ । तपाइले राम्रो प्रश्न गर्नु भो । यहा लुब्रिकेट, टायर, ब्याट्री उधोग खुलिसकेका छन् । एसेम्बली पलान्ट पनि शुरु भइसकेका छन् ।

एसेम्बली, बजाज, यामाहा, होण्डाको टिभीएसको यहा एसम्बली उधोगहरु खुलीसके केही खुल्न लागेका छन् । केही उत्पादन पनि भईसकेका छन् । चार पाग्रेमा पनि एसम्वली शुरु भइसकेको छ ।

तर नेपालमा सरकारको उधोगलाई हेर्ने दृष्टिकोण वा समाजको दृष्टिकोण कस्तो कस्तो देशमा एउटा उद्योग खोल्न लाग्यो त्यो उधोगलाई असहयोग गर्ने वातावरण जुन छ नीतिगत रुपमा एउटा अटो उद्योग सिडी चढ्न थालेको देशमै केही गरु भन्ने उद्योगहरुको बिरुद्धमा नराम्रो मिडियावाजी गर्ने नराम्रो समाचार लेख्ने गरेको पनि देख्ने गरेका छौ ।

यो कसैले गर्छ सरकारको तर्फवाट हुन्छ या स्थाइ नीति ल्याइदैन । हरेक बर्षको बजेटमा फरक फरक भन्सार लाग्ने कुराहरु भन्सारका दर परिवर्तन हुने कुरा यस्ता कुराहरुले उद्योग खोल्नलाई ठुलो लगानी गरेर उद्योग खोल्नलाई गाह्रो हुन्छ । त्यसले गर्दा कम्तीमा पनि १० बर्षको स्थाई नीति आवश्यक छ । यति भयो भने हामी उधोगमा लगानी गर्न उत्साहित भएर लाग्छौ । अहिले पनि हामी त्यति खुशी छैनौ । नेपालमा खोलेका दुइचार उधोगले हामी त नेपालमा सक्ने जति उधोग नेपालमा नै खोल्न चाहान्छौ नसक्ने एसेम्वल गरेर कार, जीप, ट्रक, बस समेत यहाँ नै बनाउन सकिन्छ । सरकारले यहा बिजुली दिन्छौ । यँहा जग्गा उपलब्ध गराइदिन्छौ । बाटोको सुविधा पुर्‍याईन्छिौ भनेर स्थाई भन्सार नीति ल्याएर भरोसायोग्य वातावरण बनाउने हो भे हामी धेरैभन्दा धेरै राष्ट्रलाई योगदान पुर्‍याउन तयार छौं ।

मेरो पालामा भन्दा पनि यो भन्दा अगाडि पनि केही उधोग खुलेका थिए । मेरै पालामा पनि खुलेका छन् । यो भन्दा पछाडि पनि खुल्छन् भन्ने विश्वास दिलाउन चाहान्छु ।

***तपाईको कार्यकाल निक्कै सक्रीय रुपमा नै बित्यो नाडामा महाधिवेशन पनि हुदैं छ । नाडाको विकासका लागि कस्तो नेतृत्वको आशा राख्नु भएको छ ?***

नाडा भनेको एउटा गरिमा बोकेको अटो व्यावसायीहरुको संस्था हो । म आफै पनि उधोग बाणिज्य महासंघको एशोसिएट्सको बस्तुगत सदस्य छु । त्यँहा कुराकानी हुदा वा अन्य क्षेत्रमा पनि सवैले नाडाको अध्यक्ष भनेपछि छुट्टै खालको सम्मान दिने गरेका छन् ।


यो विगतमा पनि नाडाका स्थापनाकालका सस्थापक कार्यसमिति सदस्य, सदस्य ज्युहरुको र त्यो भन्दा पछाडिका कार्य समितिका सवै पदाधिकारीहरुको उत्तिक्कै योगदान रहेको छ । मेरो कार्यकालमा पनि मैले गर्नुपर्ने जिम्मेवारी पुरा गरेको छु । माथि नै मैले भनिसके व्याक्ति भन्दा पनि सिस्टम महत्वपुर्ण कुरा हो । सिस्टममा गइसकेपछि नाडाको अझै बृद्धि विकासमा मेरो लामो समयको अटो क्षेत्रको अनुभव नाडालाई अध्यक्ष हुनुभन्दा अगाडि पनि सहयोग गरेको थिए । अध्यक्ष भएर पनि गरे भोलि जो नेर्तत्वमा आएपनि मेरो अनुभव नाडाको लागि सहयोग हुने छ ।

हाम्रो अधिवेशन पनि हुदैंछ । अधिवेशनमा नाडालाई सवै साथीहरुको सहमतिमा सर्वसहमत गराउने प्र्यास गर्ने छौ । यदि भएन भने पनि स्वतन्त्र रुपमा निर्वाचन गाराउने प्रजातान्त्रिक अभ्यासमा निष्पक्ष निर्वाचन गराउन नाडाको भुमिका हुने छ । हामीले आइएस ओ लिएका छौ । हाम्रो संस्था कसरी चलाउने भनेर ट्रेनिङ लिएका छौ । दिएका छौ । व्यवसायका साथ समन्वय गदै हिड्ने वाटो तय गरिसकेका छौ त्यो वाटोमा कसरी हिड्ने भन्ने कुरा मात्रै हो । मलाई लाग्छ आउँदा दिनमा नाडाको भुमिका अझै बढेर जाने छ र व्यवसायको हककहितको लागि धेरै कामहरु हुनेछ । म त्यो विश्वास गर्छु ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

“सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।”
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# लेन्ज र रेन्जका गाडीहरु हामीसंग छन्



करुण शाक्य, एस.आर. मेनेजर, सिजी अटोर्कप

***नेपालमा निक्कै प्रतिष्ठित कम्पनीको रुपमा चिनिन्छ "सिजी ग्रुप" यही ग्रुप अन्र्तगत रहेको सिजी अटोर्कपका एस. आर. मेनेजर करुण शाक्यसँग हामीले अटो क्षेत्रको विश्व बजार र नेपालको अवस्था के छ भनि साधेर उहासँग हाम्रो जन आकाश राष्ट्रिय साप्ताहिकले गरेको कुराकानी यस प्रकार छ ।***

***स्वागत यहाँलाई जन आकाश मिडियामा ।***

- धन्यवाद ।

***विश्व बजार र नेपालको अटो बजारलाई कसरी लिनुहुन्छ ?***

- यो कुनै बेला विश्व बजारमा अटो भेइकलहरुलाई सौखिनको रुपमा अर्थात लक्जरीको रुपमा लिईन्थ्यो तर अचेल सुविधाको रुपमा मानिसहरुले लिने गरेका छन् हाल अटो भेइकल अनिवार्य एकठाउँवाट अर्कोठाउँमा जान नभइ नहुने साधन बनेको छ ।

देश विकास जति हुदै जान्छ अटोको माग पनि त्यतिकै मात्रमा बढ्दै जान्छ । तर पछिल्लो समयमा नेपालको सन्दर्भमा कोभिडको कारण अटो सेक्टर मात्र नभएर सवै क्षेत्रमा उत्तिक्कै मार परेको छ ।

अहिले बिस्तारै बजार सुस्ताउन थालेको छ । यसले आशा गर्ने ठाउँहरु बनाएको छ । त्यसकारण हामीले पनि नजिकिदै गरेको नेपालीहरुको महाँन चाड "दशै" सवैको खुशीको पर्व बनाउन सिजी अटोकर्पले स्कीमहरु प्रस्तुत गरेका छौं ।

**नेपालमा यति धेरै महँगो पर्दै गएको अटोमोवाईल्सका साधनहरु नेपालमा नै उधोग खोल्न कतिको सम्भावना छ ?**

-यहाँ एसेम्वलीहरु त शुरु भइसकेका छन् । हुनै नसक्ने भन्ने कुरा के नै हुन्छ र पोलेसी मेकरका कुराहरु कसरी बन्छ भन्ने कुरामा डिपेडिङ हुन्छ । स्टेबिलीटी पोलिसी भयो भने चै एसेम्वली उधोगहरु आउनु भनेको देशको लागि राम्रो हुन्छ । बिशेष गरेर सुजुकीले स्पेशल्ली मोर अफ स्पेशल्ली हामी के हेछौ भने सकेसम्म नेपालीहरुले सवारी साधनको प्रयोग गरुन, भनेर हामीले लेन्ज अनि रेन्जको कारहरु लिएर आएका छौ । अहिलेको अवस्थामा धेरै रेन्जका प्रडक्टहरु जस्तै स्मल रेन्ज देखि लिएर स्पेशल हाई स्केलका प्रोडक्टहरु पनि छ । डिफेन्ट कस्टमरहरुको डिमाण्डलाई मिट गर्न सक्ने हामीसँग पडक्ट रेन्ज चै छ । हामीसँग फीउ पडक्टहरु चै पाइपलाइनमा छन् ।

***नेपालमा भेहिकलहरु मध्य चौधरी ग्रुपले सेल्स गरिरहेका भेइकलहरु सस्तो पनि र धेरै पनि छन् भन्ने सुन्न आएको छ ? कुरा के हो ?***

- यो सत्य हो । हामी के गंछौ भने सकेसम्म धेरै मानिसहरुले साधनको प्रयोग गरुण भन्ने चाहान्छौ माथि पनि उल्लेख गरिसके यो सुजुकीको नियम नै हो । नेपालको सन्दर्भमा पनि सुजुकीका प्रडक्टहरु धेरै भन्दा धेरै नेपालीहरुले प्रयोग गरिरहेका छन् । त्यसको अलवा डिफ्रेन्ट र रेन्जका कारहरु पनि लिएर आएका छौ । अहिलेको अवस्थासम्म सवसे धेरै रेन्ज अफ प्रडक्ट जुन चै स्मल प्राइज देखि लिएर हाई प्राइज सम्मका डिफ्रेन्ट कस्टमरहरुको डिमाण्डलाई मिट गर्न सक्ने भएको कारणले हाम्रो सुजुकीको धेरैभन्दा धेरै अटो बजारमा देखिएको हो । छ ।

***सुजुकीको नयाँ नयाँ प्रडक्टहरुको वारेमा जानकारी दिनुस् न ?***

प्रडक्टहरु पाइपलाइनमा राखेका छौ । ति प्रडक्टहरुको वारेमा हामी ति नेपाल आईसकेपछि जानकारी दिन्छौ ।

***चौधरी ग्रुपको उत्पादन, व्यापार कुनैपनि क्षेत्रमा बाँकी रहेको छैन तपाई अटो हेरिरहनु भएको छ । नेपालीहरुले अटो उधोग पनि नेपालमा भए हुन्थ्यो भन्ने गर्छन त्यो योजना यो ग्रुपले पुरा गर्न सक्छ ?***

- डेफेनेट्ली यसको भाइवरिटी अपसन वर्कआउट गदै छौ ।यसको अध्ययनमा छौ । यसलाई अध्ययन गरेर कोशिसको चरणमा जाने हाम्रो योजना रहेको छ । सम्भवत नेपालको गभरमेन्ट पोलिसी र हाम्रो अटो क्षेत्रले प्र्यास गरेको बिषयसँग मीट भएमा नेपालीले आफ्नै देशमा देख्न चाहेको अटो उधोग पुरा पनि हुनसक्छ । सम्भावना छ ।

***दशैं प्लान र स्कीम माथि भन्नु भयो तर खुलाउनु भएन नी !***

- नेपालीहरुको महाँन चाड दशै हाम्रो ढोका मै छ । यो पर्वमा हर्ष र उल्लास दुवै हुन्छ । यो पर्वमा छुट्टै ईनर्जी हुने गर्छ । यही समयमा अर्थतन्त्र पनि अत्यन्तै चलायनमान हुन्छ । त्यही हिसावले डिमाण्ड पनि आउँछ । सप्लाई पनि हुन्छ । त्यसैलाई मध्यनजर गरेर दशैलाई छुट्टै धेरै आकर्षक, आकर्षण होस भनेर स्कीम ल्याईरहेका छौ । हाम्रो शोरुमहरुमा भिजिट गरेर फाईदा लिन, स्कीम लिन हाम्रा कस्टमरलाई अनुरोध गर्दछु ।

***अन्तमा महत्वपुर्ण लागेका कुराहरु केही छन् ?***

- अटोमोवाइलको बिषयमा मेरो धारणा के छ भने हाल मानिसहरुमा आफ्नो भेहिकल हुनुपर्छ । निजी कार हुनुपर्छ भन्ने कुरा छदैछ । तर त्यसमा सुजुकीले के दिन्छ भने नेपाली आम्दानी सुहाउदो साथै माइलेज राम्रो दिने कन्फरटेवल आफ्नो गाडी मेन्टेन गर्न कसरी सजिलो बनाउन सकिन्छ । भनेर ध्यान दिइएको हुन्छ । हाम्रो धेरै ठाउँहरुमा सर्भिस सेन्टरहरु छन् । आजको दिनमा नेपालभरी ४८ वटा शोरुमहरु छन् । अझै बढ्ने वाला छ यो साल ।

पार्टस्को रुपमा पनि मिनिमम पाईजमा प्राप्त हुन्छ । गाडी किनिन्छ त्यो किनेको गाडीले लङटूमसम्म कसरी कन्डिशनमा लान सकिन्छ त्यो महत्वपूर्ण हुन्छ । त्यो कस्टमरको इकोनोमीलाई पनि ध्यान दिएका हुन्छौ कस्टमरले विना झन्झट सजिलै आफ्नो क्षमताले गाडी मेन्टेन गर्न सकुन् भन्ने चाहना हन्छ नै । सुजुकीको यो मलाई महत्वपुर्ण लाग्ने कुरा हुन् । यो महत्वपुर्ण कुरालाई जन आकाश मिडियाले सुजुकीका ग्रहकहरुमा पुर्याउन सहयोग गरेकोमा धन्यवाद दिन चाहान्छु ।

# रि-कन्डिशन व्यवसायी राम्रो छ

**अहिले पछिल्लो रिकन्डिशन ब्यवसायको अवस्था कस्तो छ ?**

- अहिलेको अवस्थामा रिकन्डिशन मात्र होइन अन्य बिजनेसहरु पनि डामाडोल नै छ । त्यसमा रि-कन्डिशन हाउस पनि नराम्ररी प्रभावित भएको छ । सवैभन्दा मार हामीलाई परेको छ । अरु चीज जस्तो यो अटो क्षेत्र होइन । खाद्यन्न जस्तो आजको आज नभइ नहुने होइन पैसा सवै कुरामा खर्च गरेर



**प्रकाश खडकी**
**सञ्चालक , केएन स्कुटी हाउस**

बचेमा मात्र मानिसहरु बाइकहरु किन्न आउने हुन् ।

***तपाईको शोरुमलाई पनि असर गरेकै हो ?***

- गऱ्यो त खतमै बनायो नि ! सेल्सको हिसाबमा लकडाउन भन्दा अगडिको तुलनामा ७५ प्रतिशतले नै घटेको छ । तर अहिले बिस्तारै बजार खुल्न थालेको र दशैको नजिक भएको हुनाले अलि अलि आश लाग्दै गएको छ । जीवनमा सवैभन्दा ठलो कुरा आशा नै त हो ।

***रिकन्डिशन हाउसहरुमध्य केएन स्कुटी हाउसको सेल्स राम्रो छ भन्छन् त ? कुरा सत्य हो ?***

- भन्न त भन्छन् पहिला त हो निक्कै सेल गरिन्थ्यो अहिले त प्रतिस्पर्धा पनि धेरै छ । सवै एकसय एक छन् । ग्रहक पनि बढेका छन् । पसल पनि बढेका छन् । बजार बिस्तार भएकोमा म खुशी नै छु । कोभिड भन्दा अगाडि त ति साथीहरुले भनेको ठिक्कै हो । सेल्स राम्रै थियो । अहिले पछि त्यस्तो छैन । मानिसहरु अहिले पनि पसलमा आउन डराउछन् । कतिपयले कोभिड पछि सम्पर्कमा रहेकाहरुले घरघरमा फोन गरेर अडर गरेका थिए । हामीले वहाँहरुको घरमा पनि पुर्याएर बिक्री गर्यौ तर परिस्थितिले नै सेल्स घटाएको हो । मेन कोभिड नै हो ।

***कोभिडको बेला त झन बाइक, स्कुटीको माग बढ्नु पर्ने होइन ?***

कतिपय मानिसहरुको आफन्तलाई कोभिड भयो भने त हस्पिटल लान बाध्य भएर बाईक, स्कुटी किन्नु नै पर्‍यो भनेर रहरले किन्न चै पैशाको अभाव भइरहेको बेलामा मानिसहरु आउदैनन् । सयमा एक दुई प्रतिशत मात्र हो । हन्डेडमा एक दुई प्रतिशत काम भएर के नै हुन्छ र ?

***यो नजिकिदै गएको विजया दशमीको अवसरमा तपाईका ग्रहकलाई के भन्न चाहानुहुन्छ ?***

- मेरा सवै ग्राहाक मानुभावहरुलाई बिजया दशमीको शुभकामना उहाहरुको जीवनमा राम्रो खुशीको दिनहरु आउन् । अर्को हामीले हाम्रो शोरुममा बाइक किन्ने ग्रहकहरुलाई एउटा हेलमेट फ्री गरिदिएका छौं । भने बर्षको पाँच पटक सर्भिस फ्री दिएका छौ दशैंको अफरमा, हामीकाहा आएपछि हामी तपाईहरुलाई बाईक सर्भिसिङ गरेर मेकानिकल चेक गरेर मात्र पठाउने गरेका छौ । ढुक्क भएर आउनुस् । ढुक्क भएर बाइक किनेर चढेर जानुस् भन्न चाहान्छु ।

# अशोक लेलैण्ड दसैं तिहारको बहार, SURE-SHOT को साथै BUMPER उपहार

काठमाडौ । आइएमई ग्रुपअन्तर्गत संचालित आईएमई मोटर्सले नेपालीहरुको महान चाड दशैं तिहारलाई लक्षित गरी "दशैं तिहारको बहार पक्का उपहार" योजना ल्याएको छ ।

कुनै पनिअशोक लेलैण्डको गाडी खरिदमा ग्राहकले छानी छानी उपहार पाउने आईएमइले सार्वजानिक रुपमा घोषणा गरेको हो ।

चाडपर्वमा ग्राहकहरुले अफरलाई नै बढि प्राथमिकता दिने भएको हुँदा ग्राहकको मागअनुसार नै हामीले यो योजनालाई बजारमा ल्याएको आइएमई मोटर्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त पुरानिकले बताउनु भएको हो ।

उक्त योजनामा ग्राहकले अशोक लेलैण्डको दोस्त, बस साथै ट्रक टिप्परको कुनै पनि मोडलको गाडी खरिद गर्दा आफ्नो इच्छा अनुसार उपहार छानी छानी लान सकिने पनि वहाले बताउनु भयो ।

अफर अन्तर्गत अशोक लेलैण्डको दोस्त गाडीको खरिदमा १५ ग्राम सुन अथवा स्मार्ट फोन साथै थप क्यास डिस्काउन्ट अथवा स्मार्ट टिभि साथै क्यास डिस्काउन्ट पाउन सक्ने पनि उहाले जानकारी दिनुभयो ।

ग्राहकहरुले प्रत्येक ICV




Haulage, MCV टिप्पर वा बस खरिदमा ३० ग्राम सुन अथवा Iphone 12 pro max अथवा TVSNTorq स्कुटर पाउन सक्नेछन् भने माथि उल्लेखित गाडीहरु मध्ये ICV Haulage, MCV Tipper वा बस मध्य एकै पटक दुई वटा गाडीको खरिदमा ६० ग्राम सुन अथवा Apple Mac Book Pro साथै Iphone 12 Pro Max अथवा Royal Enfield 350 CC Bullet Bike पाउन सक्ने छन् । कुनै पनि HCV साथै ICV टिप्परको एक वटा गाडी खरिदमा ३० ग्राम सुन अथवा Iphone 12 Pro Max अथवा Tvs Ntorq Scooter

बाँकी ६ पृष्ठमा

# नेपालमा २०२१ सोरेन्टो हाइब्रिड एसयुभी सार्वजनिक गर्दैं किया

काठमाडौ । कियाले नेपालमा आफ्नो ब्रान्डको पहिलो हाइब्रिड एसयुभी सार्वजनिक गर्ने तयारी गरेको छ । कोरियाली अटो निर्माता कियाले २०२१ सोरेन्टो हाइब्रिड एसयुभी नेपालमा सार्वजनिक गर्ने तयारी गरेको हो ।

कारको हकमा 'द लार्जेस्ट हाइब्रिड एसयुभी' शब्दमा मात्र सिमित नभएर यसले पारखीलाई उत्साहित पनि गर्न सक्नुपर्छ । कोरियाली अटो निर्माता कियाले आफ्नो सात सिट क्षमताको किया सोरेन्टो हाइब्रिडमा उक्त अवधारणालाई निकै दमदार तरिकाले लागू गरेको बताएको छ ।

विगत हेर्ने हो भने किया एसयुभीहरु कीर्तिमानी बिक्रीका साथ बजारमा प्रभाव जमाउँदै भविष्य तर्फ अग्रसर भएको देखिन्छ । नयाँकिया सोरेन्टो हाइब्रिड सडक ओगट्ने मात्र नभएर आम कल्पना भन्दा बाहिरको वातावरणीय पहल पनि हो ।

२०२१ सोरेन्टो हाइब्रिडमा १.६ लिटरको टिजिडिआई टर्बो पेट्रोल इन्जिन र ४४.२ किलोवाटको इलेक्ट्रोमेग्नेटिक मोटर सहितको १.४९ किलोवाट आवर ब्याट्री छ, जसले गर्दा २०२१ सोरेन्टोलाई जुनसुकै कठिन भूभागमा लैजान सकिन्छ । स्वच्छ र हरित भविष्यका लागि सोरेन्टो हाइब्रिड




एउटा हरित विकल्प पनि हो ।

यो हाइब्रिड समानान्तर ड्राइभ प्रणालीको टिएमइडी संरचनामा आधारित छ, जुन तार मार्फत फुल गियर बक्समा परिवर्तन हुन्छ र ड्राइभिङलाई रोमाञ्चकारी बनाउँछ । नयाँ सोरेन्टोमा अतुलनीय शक्ति मात्रै छैन, यसमा १०५४ किलोमिटरको यात्रा तय गर्न पुग्ने फ्युल ट्यांक पनि छ । नयाँ सोरेन्टोमा स्टेसनरी पोजिसनमा छलाङ मार्न विद्युतीयमोटर र टिजिडिआई

बाँकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# मुलकोटमा दिगोको चार्जिङ स्टेसन

काठमाडौं । दिगो ग्रुप अफ कम्पनीजले सुनकोसी गाउँपालिकाको मुलकोटमा सफलता पूर्वक चार्जिङ स्टेसन उद्धाटन गरेको छ । दिगोले आफ्नो चार्जिङ स्टेसनलाई 'दिगो चार्ज प्वाइन्ट' ब्रान्ड नाम दिएको छ । अहिले मुलकोटमा ३० किलोवाट क्षमताको डिसी फास्ट चार्जर जडान गरिएको छ ।

यो चार्जरले बिपी राजमार्गमा चल्ने विद्युतीय सवारी साधनलाई सेवा दिनेछ । उक्त रुटमा विद्युतीय सवारी साधनको चाप बढेपछि चार्जरको क्षमता बढाउन सकिने कम्पनीले जनाएको छ ।

उद्घाटन कार्यक्रममा सुनकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत




बसन्त न्यौपाने तथा नेपाल विद्युत प्राधिकरण खुर्कोट शाखा प्रमुख संगीता थापा मगरको उपस्थिमा कार्यक्रम भएको थियो । रोयल बिजया किल्ला समिति र कुशेश्वर यातायात समितिका पदाधिकारीहरु, सो क्षेत्रका समाजसेवी तथा यातायात व्यवसायीहरुको पनि उपस्थिति थियो । दिगो ग्रुप अन्तर्गतको एन.ई.भि. नेपालका सि.इ.ओ. दिपक थापाले प्राधिकरण शाखा प्रमुख एवम प्रमुख प्रशासकीय अधिकृत, समितिका अध्यक्ष एवमव् यवसायी तथा होटेल सन्चालक राम हरि पौडेल बाट संयुक्त रूपमा सो चार्जिङ स्टेसनको उद्धाटन गरेका थिए ।

अहिले काठमाडौं(सिन्धुली रुटमा दिगोबाट बिक्रि गरिएका विद्युतीय माइक्रो बसहरु संचालनमा रहेका छन् । डिफएसके ब्रान्डको सो विद्युतीय सवारी साधन २५० किलोमिटर रेन्ज भएको ११ सिटको माइक्रो बस हो ।

मुलकोटको फास्ट चार्जर पर्याप्त पार्किङ सुविधा भएको होटल परिसरमा जडान गरिएको छ । यात्रुहरुले होटलमा खाना/खाजा खाँदै गर्दा सवारी साधन चार्ज गर्न सकिनेछ । फास्ट चार्जरले विद्युतीय माइक्रो बसहरुलाई बीच बाटोमै चार्ज गर्ने सुविधा दएर एकै दिनमा धेरै खेप यात्रु ओसार्ने अवसर प्रदान गर्नेछ ।

दिगोले यस्ता चार्जरहरु मुलुकका विभिन्न स्थानमा जडान गर्ने योजना बनाएको छ । निकट भविष्यमै पृथ्वी राजमार्गको कुरिनटारमा चार्जिङ स्टेसन जडान गर्ने कम्पनीको योजना छ ।

दिगो चार्ज प्वाइन्ट निजी क्षेत्रबाट भएको महत्वपूर्ण पहल हो, जसले विद्युतीय सवारी साधनलाई मुलुकका विभिन्न भागको यात्रा गर्न सक्ने बनाउँछ भने यात्रुले वातावरण मैत्रीविद्युतीय सवारी साधनको रेन्जबारे चिन्ता लिनुपर्ने अवस्थाको अन्त्य गर्ने बिज्ञहरुको बिश्वास व्यक्त गरेका छन्

# रेनोको शुभ कार–रम्भ

काठमाडौं । नेपालमा रेनो गाडीहरुको अधिकारिक वितरक एड्भान्स्ड अटोमोबाइल्सले आफ्नो विशेष चाड योजना 'रेनोशुभ कार.-रम्भू को शुरुवात गरेको छ । ट्याग लाइन चाडपर्वको शुभ शुरुवात, गरौं रेनोको साथ सँगै यो योजनादशैं-तिहार २०७८ को पावन अवसरमा थुप्रै पाइने फाइदाको साथ आएको छ ।रेनोगाडीको खरिदमा ग्राहकहरुले नगद रु ३ लाख सम्मको कुल फाइदा प्राप्त गर्न सक्ने छन् ।

ग्राहकहरु यस योजना अन्तर्गत सजिलो फाइनान्स, १ वर्षको निःशुल्क सडक कर, २ वर्षको लागी निःशुल्क सर्भिसिंग र ५ बर्ष सम्म वारेन्टी जस्ता सेवाहरुबाट लाभान्वित हुने योजना सार्वजानिक गरिएको एडभान्स अटोमोवाइल्स प्रा.लि.ले जनाएको छ । उसले भनेको छ आकर्षक अफर हरुग्राहकको खुशीका महत्वपूर्ण पलहरु हुने छन । किनकि यसले एकातिर ग्राहकहरुलाई उत्कृष्ट लाभ प्रदान गर्दछ भने अर्कातिर ग्राहकहरुले आफ्ना हरेक दिनलाई नयाँ रेनो कारहरुका साथ अद्भुत बनाउन सक्दछन् । यो उत्सवको मौसममा रेनो कारका खरिदका साथ ग्राहकहरुले आनन्द प्राप्त गर्न सक्नुहुने छन् र सदा समृद्धिसँग आफ्नो जीवन शैलीलाई सजाउन सक्नुहुने छन् । यो योजनारेनो डस्टर, रेनोकाइगर, रेनो ट्राइबर र रेनो क्विड जस्ता रेनोका सबै भेरियन्टका गाडीहरुमा उपलब्ध रहने एडभान्स अटो प्रा.लिले जनाएको हो ।




# २४ हजारमै मोटरसाइकल दिन्छौं

ललितपुरको नख्खु चोकैमा रहेको पोदार अटो प्रा.लि.ले ग्राहकहरुलाई धेरै प्रकारका रिकन्डिशनका बाइक देखि प्राडो सम्म बिक्री गर्दै आएको छ । आफ्नै शोरुम पार्टस्, सर्भिसिङ, मेकानिकल भएको त्यहाका सञ्चालक अमर पोदार बताउँछन् ।

उनको शोरुममा दैनिक १० कामदारले काम गरिरहेका छन् । यो प्रगति त्यतिकै भएको भने होइन झण्डै २२ बर्ष अगाडि काम शुरु गर्दा बाइक कम्पनीहरुले विश्वास समेत गर्दैनन् थिए ।



**अमर पोदार**
संचालक, पोदार अटो प्रा.लि.

सामान हाल्नलाई त्यति ठुलो लगानी पनि थिएन उनि सुनाउछन् । तर कडा मेहनत गरेर आफै पनि काम गर्दै ग्रहकहरुको मन जित्दै गइयो अनि बिस्तारै व्यापार पनि बढ्न थाल्यो बाइक कम्पनीहरुले विश्वास गर्न थाले उनको भनाई अनुसार हामी त्यँहा पुग्दा स्टक बाइक मात्रै १५० भन्दा बढी थिए । भने



तत्कालको तत्कालै खरिद बिक्री हुने संख्या पनि उत्तिक्कै देखिन्थ्यो । सर्भिसिङ गर्ने मिस्त्रीहरुलाई काम भ्याइनभ्याई थियो ।


उनको आफ्नै हेलमेट शोरुम, टायर, स्पायर, लगायत व्यास्थित राखेका थिए भने उनि आफै व्यापारमा व्यस्त थिए । त्यो व्यस्तताका बीच पनि उनले हामीलाई केही समय छुट्याएर आफ्नो विगतको व्यवसाय र अहिलेको अवस्थाको जानकारी गराएका थिए ।

उनलाई लकडाउनमा बैंकले, घरवेटीले, कुनै कसैले पनि छुट नदिएको बिषयमा मज्जाले नै खुलेर कुरा गरे भने कर्मचारीको तलव भने लकडाउनको बेला पनि दिएको भनि हामीलाई बताए ।

उनको शोरुममा दैनिक मानिसहरुको भिड हुने गरेको छ । कारण उनको शोरुममा आउने कुनैपनि ग्रहक फर्किनु परेको छैन । भन्छन् । त्यो हुनुको कारण सामान्य मानिसले पनि बाइक किन्न सक्छन् उनको शोरुममा २४ हजारमा देखि बाइक पाइन्छ । जुन मज्जाले काम दिन्छ । भने रिकन्डिशनका गाडिहरु ३ लाखदेखि माथिका पनि त्यही पाइने भनेर हामीलाई भेटमा सुनाए ।

नेपालमा मानिसहरुको जीवनस्तरमा सुधार आएका कारण दिनानु दिन अटो व्यवसाय पनि फस्टाएको छ । तर लकडाउनले पारेको असर पुर्ति गर्न टाइम लाग्ने बताउछन् ।

उनले अन्तमा आफ्नो शोरुममा आउन पनि ग्राहाकहरुलाई आग्रह गरेका छन् । शोरुममा आई बिभिन्न मोडलका मोटरसाइकल, गाडी, लगायत चेकजाच गरेर आफ्नै बजेट अनुसार किन्न पनि अनुरोध गरेका छन् ।



## हार्दिक शुभकामना

२०७८ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाई ग्राहक महानुभावहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



दर्पण तामाङ
प्रबन्ध निर्देशक
**डिपी क्रेटिभ प्रा.लि परिवार**

(कुनै पनि , होडिङवोर्ड, LED, TREE D, FLEX PRINT, ग्राफिक डिजाइन गर्नुपरेमा साथै साइनवोर्ड सम्बन्धि काम गरिन्छ ।)

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# हाम्रो बुबाहरुको योगदानले व्यापार गर्न सजिलो भएको छ



**आकाश गोल्छा**
**अध्यक्ष, जिओ अटोमोवाइल प्रा.लि.**

***गोल्छा ग्रुप नेपालको उद्योग, व्यापारको क्षेत्रमा निक्कै नाम चलेको र हजारौको संख्यामा नेपालीहरुलाई रोजगार दिइरहेको व्यापारीक घरानाहरुको समुह हो । जसले अटोमोवाईल क्षेत्रमा पनि काम गरिरहेको छ । त्यसैमध्यका राम बिलास गोल्छाका नाती आकाश गोल्छासँग हामीले अटो क्षेत्रसँग सम्बन्धित र त्यस ग्रुपसँगका केही नखुलेका तर महत्वपुर्ण कुराहरु यँहा पस्केका छौं ।***

***स्वागत छ जन आकाश मिडियामा ।***

- धन्यवाद ।

***अटो क्षेत्रको अवस्था कस्तो छ अहिले ?***

- बजारको निरन्तरमा समस्या आएको छ । भन्नुको अर्थ बजारमा ग्रहकहरुको माग बढीरहेको छ । गडीहरु बिक्री पनि भइराखेका छन् । तर गाडिहरुको प्रडक्शन घटेको छ । हामीले बेच्दै आएको फ्याक्ट्री केही समय बन्द भएको थियो त्यसको असर अहिलेसम्म हामीलाई परिरहेको छ ।

***ब्यापार घटेको छैन भन्ने भनाई अटो व्यवसायीहरुले भनिरहेका छन् कुरा के हो ?***

- ब्यापार घटेको छैन । तर व्यवसायीहरुले चाहेको जति चार पाग्रे गाडिहरु पाएका छैनन् । चाहेको जति पाएको भए अझ राम्रो हुन्थ्यो । किनभने कोभिडको बेला बिक्री रोकिएको समयका गाडिहरु अहिले थपिएर एकैपटक बिक्री हुन लागेका छन् ग्राहकहरु किन्न रेडी छन् । त्यसैले माग अनुसार गाडी आएका छैनन् ।

तपाइले भनेको कुरा ठिक हो अटो क्षेत्रमा व्यापार घटेको छैन । समयमा गाडि दिन नसकिएलाकी भन्ने हाम्रो चिन्ता हो । सवै गाडीहरु विदेशवाट ल्याउने हो कारखानामा उत्पादन घटेको हुनाले यँहा पनि थोरै पठाउने गरेका छन् ।

***तपाई गोल्छा अग्रनाइजेशन अर्न्तगतको एउटा सदस्य पनि हुनुहुन्छ टु हुइलर्स बजाजको त नेपालमा एसेम्वली शुरु भएको छ । त्यस्तै फोर हुइलर्सको बारेमा एसेम्वल वा गाडी नै उत्पादन गर्ने पलान्टको लागि केही सोच्नु भएको छ ?***

- सरकारले अहिले नेपालमा उद्योग कलकारखाना खोल्नलाई अकर्षण कार्यक्रम ल्याएको छ । त्यसमा हाम्रो समर्थन रहेको छ । डिउटीमा फुल समय लाग्छ । सर्पोट अहिले एकतिर मात्र छ । जसले गर्दाखेरी त्यति धेरै कमै कम्पनीहरु एभाइलेवल छन् ।

धेरै गाडी बेच्ने कम्पनीहरु ठुलालाई भाइब्रीटी होला अन्य सवै पाँच सय हजार कुनै कम्पनीले गाडी बेच्छ भने सवै मोडल याहा बनाउन सकिदैन । कुनै मोडल मात्र याहा बनाएर भाइबिलिटी हुदैन । त्यसैले एभाइलेवल देख्दिन ।

***तपाई नाडाको उपाध्यक्ष पनि हुनुहुन्छ आउदो अधिवेशनमा अध्यक्षमा जाने तयारी हो ?***

- मेरो अध्यक्षमा अझै एक दुई कार्यकाल नजाने सोच छ । अध्यक्ष हुने कुनै तयारी गरेको छैन । सकभर हाम्रो नाडाको अधिवेशनमा सर्वसहमतिमै टुङ्ग्याउने तयारी छ । सायद निर्वाचन नै हुदैन होला ।

***निर्वाचन भयो भने कुन पदमा जाने तयारी गर्नुभएको छ ?***

- साथीहरुको सल्लाह र टिमले जुन पोष्ट दिन्छ त्यही पोष्टमा जानेछु ।

***नेपालमा हुलासचन्द गोल्छा नामले नेपालमा प्रख्यात छ । तपाई यो सिटवाट भन्नुस की नेपाल र नेपालीहरुमा तपाईहरुको योगदान के छ ?***

- हुलासचन्द गोल्छा मेरो हजुरबुवाको भाई हुनुहुन्थ्यो रामलाल गोल्छा उहाँ हाम्रो फाउण्डर हुनुहुन्थ्यो उहाँले व्यापार, व्यवसाय शुरु गरेदेखि व्यवसायवाट पनि योगदान पुगेको नै थियो । त्यसपछि पनि त्यतिवेलाको आँखा अस्पताललाई सहयोग गर्ने कुराहरु थिए । त्यो गरेका थियौ । १९९० को भुकम्पको वेला पनि निक्कै सहयोग हाम्रा हजुरबुवा बुवाहरुले गर्नुभएको थियो । यो एउटा पक्ष भयो ।

अर्को पक्ष मेरो हजुर बुवाले नेपालमा काम शुरु गर्दाखेरी नेपालमा औद्योगिकरणको राम्रो विकास भएको थिएन । त्यस्तो समयमा अफैले विदेशी इन्भेष्टरहरु ल्याएर काम गर्नु भएको थियो नेपालमा त्यतिवेला एक्सपोर्ट इमपोर्ट व्यवस्थित थिएन । जुन बेलामा हामीले इरोपमा जुट एक्पोर्ट गथ्यौ त्यो वेलामा पर्पर एक्सपोर्ट गर्न थालिसकेका थियौ । त्यो वेलामा नेपालमा इन्सुरेन्स कम्पनी पनि थिएन । विदेशमा एक्पोर्ट गर्न इन्सुरेन्स कम्पनी चाहिन्छ ।

नेशनल लाईफ इन्सुरेन्स कम्पनी इन्डियाले हाम्रो अफिसमा टेवल राखेर पोलिसी बनाइदिन्थ्यो शुरुवातमा त्यसरी सामान मगाउने पठाउने काम भएको थियो शुरुका दिनमा हुलास मेटल भनेर हाम्रो कम्पनीले भाडा बनाउथ्यो त्यही अनुसारले एक्सपोर्ट गर्ने कोटा पाएका थियौ । भारतमा भाडा उत्पादन कम भएको वेलामा हाम्रो कोटा सिस्टमवाट भाडा पठाउथ्यौ सो त्यस्तो हिस्ट्री छ । मेरो हजुरबुवा बुवाको हिस्ट्रि छ । त्यस्तो मैले गर्न सकेको छैन । मेरो तर्फवाट पनि समय आएपछि थप प्रयास हुनेछ ।

***त्यतिबेला बुवा हजुरबुवाले त्यस्तो कठिन अवस्थामा पनि मेहेनत गरेर नाम, दाम दुवै कमाउन सफल हुनुभयो अहिले तपाइहरुको पुस्तामा त्यस्तै मेहेनत छ की छैन कस्तो लाग्छ ?***

- दुईवटा पाटो हुन्छ । हाम्रो परिवारमा कतिपय भिजिनरीहरु पनि छन् । भिजनरी सवैको भएपनि पाचै औला एकै हुदैनन् । ट्राई पनि गरिराखेको छौ । सफलता कसैले चाडै पाउछन् । कसैले पाउदैनन् । यो चै पक्का हो त्यो पीडिमा जे काम भएको थियो मेरो भन्दा माथिको पिडीमा डेफीनेट्ली हामी त्यो तुलनामा छैनौ ।

**तपाईको हजुरबुवा/बुवा थोरै संख्यामा औलामा गन्न सकिन्थ्यो व्यापारिक क्षेत्रमा अहिले त तपाइहरु छोरा, नाता, नातिनी थुप्रै हुनुहुन्छ । कस्तो फीलिङ हुने गर्छ यतिवेला ?**

उहाँहरुको योगदानवाट पाएको एउटा गुड ट्रस्ट जस्तो कि स्पेशल्ली हाम्रो परिवार कसैलाई भेट्न जादाखेरी हामी आफैलाई कतिले भेट्न पनि मान्दैनन् । नेपालमा मात्र नभएर विदेशमा समेत हजुरबुवको नामले बुवाको नामले भेट्छन पनि र बेटर टिटमेन्ट पनि दिन्छन् सो त्यसले गर्दा धेरै फरक पर्छ कसैसँग अपोइन्टमेन्ट लिन होस् विदेशमा हामीलाई अर्को तरिकाले पनि चिन्ने गर्छन । नेपालमा जैन मन्दिर नै थिएन । हामी जैन धर्म मान्छौ । जैन मन्दिर हाम्रो घरमा थियो । अहिले त ज्ञानेश्वरमा मन्दिर बनेको छ । त्योभन्दा अगाडिको कुरा हो । त्यतिवेलाका कतिपय मानिसहरु आचेल भेटदा ए म पनि आएको थिए तपाइको घरमा भन्नुहुन्छ । एउटा त्यस्तो छ भने कुनैवेला कुन कम्पनीमा काम गरेको होला कहिले कुन कम्पनीमा पुगेका होलान् । उनिहरुले पनि हाम्रो बारेमा सुनेको भेटेको कुरा गर्छन । उहाहरुले जे काम गर्नुभयो कुइक स्टाट हेल्फ डेफेनेट्ली हुन्छ ।

***तपाइहरुको पुस्ताहरुले कति लामो सोच राखेर काम गर्नुभएको रहेछ । देशलाई योगदान पनि छ । नेपालमा ठुला स्केलका उद्योग खोलेनन् भनेर मानिसहरु भन्छन ठुलो स्केलको उद्योग खोलेर यतिधेरै मानिसहरुलाई रोजगार दिनपाए हुन्थ्यो जस्तो लाग्ने गर्छकी गदैन ?***

- हाम्रो परिवारमा ठुला उद्योगहरु छन् । एउटा रोजगारमा ठुलो हुन्छ । एउटा क्यापालेवलमा ठुलो हुन्छ । रोजगारमा ठुलोमा जुन जुटमिल थियो । आजपनि मेरो काका राजकुमार गोल्छा ज्यूले हेर्नुहुन्छ उहाले दश हजार मानिस इम्पोलायर गर्नुहुन्छ । अनि मैले ट्रेडिङ कम्पनी हेर्छु । म इन्डस्ट्रीमा छैन । ट्रेडिङमा त्यो हिसावको इभेष्टमेन्ट पनि हुदैन र इम्पोलायर पनि हुदैन । तर धेरै काम गर्दाखेरी डारेक्टली इनडारेक्टली रोजगार सृर्जना गरेकै हुन्छ । जस्ते मलाई हेर्नु भयो भने मेरो कम्पनी मात्र हुदैन । मेरो कम्पनीको डिलर हुन्छ डिलरको सव डिलर हुन्छ । सव डिलरको शोरुम हुन्छ । त्यसैले गर्दा रोजगार बढाउने काम भइनै राखेको छ । ठुलो इन्डष्ट्रिको पलान पनि छ ।

***अन्तमा***

अघि पनि तपाइले नाडा अटो शो भएन भनेर सोध्दै हुनुहन्थ्यो नाडा अटो शो नहुनुको कारण हो । सरकारले सार्वजानिक भेला नगर भनेको वेलामा लाखौ मान्छे आउने अटोमेला गर्नु हुँदैन थियो । त्यो हाम्रो साउन भदौमा हुने गर्थ्यो । त्यतिवेला सरकारले लगाएको मापदण्डहरु थियो । त्यसैले नभएको हो । फेरी तत्कालैको तत्कालै दश पन्ध्र दिनको तयारी गरेर त्यो सम्भव पनि हुँदैन । दुइ तिन महिनाको समय लाग्छ । त्यसैले नभएको हो । तर सवैले आफ्नो हिसावले कम्पनीहरुले आफ्नो अफर ल्याएका छन् । पहिलेको तुलनामा यसपटक ठुलो अफर नपाएको होला त्यो हुनको कारण गाडि कम पनि आएको छ । दाम पनि बढेर आएको छ । त्यसकारण धेरैले दाम बढाएका छन् । दाम नबढाउदा डिस्काउन पे पि न घटाउनु पर्ने भएको छ । कतिपय साथीहरुले गाडी पनि पाइराखेका छैनन् ।



गाडी नै कम आइराखेको छ । यो समस्या ग्लोवल्ली नै भएको छ । आउदै गरको २०७८ सालको बिजया दशमीको उपलक्ष्यमा सम्पुर्ण ग्राहक, मेरा कम्पनीका स्टाफ, नाडामा आवद्ध साथीहरु मलाई प्रत्यक्ष/अप्रत्यक्ष चिन्नुहुने सम्पुर्णमा हार्दिक मंगलमय शुभकामना व्याक्त गर्दछु । साथै यस जन आकाश मिडियालाई पनि धन्यवाद दिन्छु ।

# अग्रिम टिकट बुकिङ खुल्यो, कहाँको भाडा कति ?

काठमाडौं । दशैं मनाउन घर फर्किन चाहनेहरुका लागि सोमवार बाट लामो तथा मझौला दुरीका सवारी साधनको अग्रिम टिकट बुकिङ खुला भएको छ ।

टिकट बुकिङको क्रममा यात्रुहरुलाई ठग्ने, तोकिएकोभन्दा बढी भाडा असुल्ने समूह पनि सक्रिय हुन्छ । त्यसैले आफू जाने गन्तव्यको लागि सरकारले तोकिदिएको भाडा कति हो भनेर जानिराख्नु राम्रो हुन्छ ।

यातायात व्यवस्था विभागका अनुसार अग्रिम टिकट बुकिङका लागि काठमाडौं उपत्यकाका १४ स्थानमा हेल्प डेस्क राखिएको छ । नयाँ बसपार्क, माछापोखरी, स्वयंभू, कलंकी, नागढुंगा, बल्खु, दक्षिणकाली, सातदोबाटो, कोटेश्वर, जगाती, चाबहिल, गौशाला, सुन्धारा र पुरानो बसपार्कमा हेल्पडेस्कहरु छन् ।

यी १४ स्थानमा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल , सामुदायिक प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभागसहितका प्रतिनिधि रहन्छन् । टिकट बुकिङको क्रममा केही अप्ठेरो परेमा, कुनै जानकारी लिनु परेमा वा आफू ठगिएको महसुस भएमा यात्रुहरुले तिनै प्रतिनिधिसँग सहयोग लिन सक्नेछन् ।

सरकारले तोकेको भन्दा बढी भाडा यात्रुहरुबाट लिएको पाइए तत्काल कार बाही हुने यातायात व्यवस्था विभागले जानकारी दिइएको छ ।



# महानगरीय ट्रफिक प्रहरी बौद्ध बृतका प्रमुख सुरज बहादुर खड्का जनताको मन जित्न सफल

काठमाडौं । महानगरीय ट्रफिक महाशाखा अर्न्तगत बौद्ध बृतका इन्सपेक्टर सुरज बहादुर खड्का जनताको मनमा बस्न सफल हुदै गएका छन् । उनले जनताको मन जित्नुको कारण सर्वसाधरण तथा आम नागरिकहरुले व्यहोर्दै आएको ट्राफिक समस्यालाई सहज बनाई सेवा प्रदान गरेको कारण बौद्ध बृत क्षेत्रका जनताहरु उनको कमाण्ड प्रति खुशी भएका हुन् ।




जव उनि संघिय इकाई प्रहरी कार्यालय नेपालगंञ्जवाट काठमाडौ उपत्यकाको शहरमा आए उनले जतातत्तै अस्तव्यस्त सवारी जाम, अनाधिकृत पारर्किङ गरेर जानजान सर्वसाधरण हिड्ने वाटोमा सवारी पार्किङ, फुटपाथमा ब्यापार गरेर मानिसहरु हिड्ने वाटोमा सडक अतिक्रमण गरेर सर्वसाधरणलाई व्यापारीले अप्ठ्यारो पारेको देखे, त्यो अप्ठ्यारोलाई उनले चुनौति ठाने र चुनौतिलाई परास्त गरेर छोड्ने अठोट लिए । नभन्दै अहिले बौद्ध बृत अर्न्तगतका क्षेत्रहरुमा अनाधिकृत पार्किङहरु हटेका छन् । फुटपाथमा पसल थापेर मानिस हिड्न अप्ठ्यारो बनाउने काम कम भएको छ । पैदल यात्रु सर्वसाधरणहरु सजिलै आफ्नो गन्तव्यमा पुग्न सकेका छन् । सवारी आगमन सहज छ ।

अत्याधिक दुर्घटना हुने क्षेत्रहरु बिशेष गरेर महाँकाल भृकुटी ओरालो, थली मुलपानी ओरालो, गोकर्ण मन्दिर आसपासका क्षेत्रहरुमा डिउटी बढाएर दुर्घना न्युनिकरण गर्न सफल नेतृत्वको भुमिका निर्वाह गरेका छन् ।

जनतासँग प्रत्यक्ष जोडिएको बिषय भएको हुनाले स्थानीय सरकार, जनता, सिभिल प्रहरी, महानगरीय प्रहरी र ट्राफिक प्रहरीको संयुक्त पहलमा सडक ब्यवस्थित गर्न जन चेतना जगाउदै, ट्रफिक महाशाखा अर्न्तगतको तपाईको माक्स खोई अभियाँनलाई सफल पार्न खड्काकै नेतृत्वमा तदारुकताका देखाएका छन् ।

बौद्ध टुसालचोक देखि हायत होटलसम्म घास उम्रेर कतै झाडी बनेको थियो, फोहोर त्यही थुप्रेर नाक थुनेर हिड्नु पर्ने अवस्था थियो । त्यो ठाउमा बौद्ध ट्राफिक प्रहरी प्रमुख सुरज बहादुर खड्काको नेतृत्वमा सफा सडक अभियाँन नै सञ्चालन गरेर सफा गरिएको छ । त्यो कामवाट त्यही बाटो भएर दिनहु हिड्ने मानिसहरु खुशी भएका छन् । र महानगरीय बौद्ध बृत्त ट्राफिकको तारिफ गरिरहेको सुनिन्छ ।

सडकमा गुड्ने चालक र सहचालकहरुसँग ट्राफिकको लुकामारी हामीले देखेकै हो । तर खड्का बौद्धमा आएपछि उनले फरक ढंङगवाट काम गरे, सवारी चालकहरुले ट्राफिक नियम पालना नगरी सवारीको नम्वर प्लेट उडेको, कुनै नम्वर सानो, लोगो राखेर लोगो ठुलो सवारीको नम्वर चै सानो बनाएको, ठुला सवारीमा सेक्युरिटी डण्डीले नम्वर छेक्नेगरी लगाएको सवारीलाई कागजपत्र समातेर राखि त्यो सच्याएर आउनेलाई मैत्रीपुर्ण काम गरेर सवारी चालक, सहचालकहरुसँग राम्रो ब्यवहार गरेर समाजप्रति एउटा असल ट्राफिकले गर्नुपर्ने दाइत्व गरेर देखाएका छन् । यस्ता असल कार्यहरुले गर्दा खड्का चालक, सहचालकहरुको समेत लोकप्रीय भएका छन् ।

शहरलाइ ध्वानि प्रदुषणमुक्त बनाउन त्यस्ता लाउड हरण बजाउनेहरुलाई ठाउको ठाउँ कारवाही गरेर कुनैपनि त्यस्ता लाउड हर्न भएका सवारी बौद्ध बृत अर्न्तगतका क्षेत्रहरुमा नियन्त्रण गरिएको छ । कुनैवेला छाडा छोडिएका चौपायाहरुले रातको समयमा दुर्घटना बढाएको महानगरीय ट्राफिक महाशाखा अर्न्तगतको बौद्ध क्षेत्रमा सुरज बहादुर खड्काको आगमन पछि रेफ्लेक्टेड बेल्ड बाधिदिएपछि अचेल रातमा हुने चौपयावाट हुने दुर्घटना भएका छैनन् भने सडकमा छाडा चौपायाहरु पनि कम हुदै गएका छन् ।

उनले सडक प्रयोगकर्ताहरुलाई ठाउँ ठाउँमा पुगेर ट्राफिक नियमको पालना गरौं । यो आफ्नै लागि हो । नजान्नेले भन्दा जानेर पनि सामान्य कुरा जसरी सानो एकछिन त होनि भन्ने हेलच्यक्राइले ठुलो समस्या निम्त्याउन सक्छ भन्दै आफै माइकिङ गर्ने गरेका छन् । सडक दुर्घना कहिलेकाही सडकको कारणले पनि हुने गरेको छ भन्दै उनले बिग्रेका सडकका खाल्डाखुल्टी सडक कार्यालयसँग समन्य गरेर काम गर्ने गरेका र कहिले ट्राफिक आफैले पनि खाल्डाखुल्डी पुरेर काम गरिरहेका देखिन्छन् ।

सुरज बहादुर खड्काको परिचय

कञ्चनपुर जिल्लामा जन्मेका खड्काले २०६१ सालको खुल्ला प्रतिस्पर्धावाट कम्पिडिशनमा असईमा नाम निकाल्न सफल भएका हुन् । असईमा नाम निकालेर जनताको सेवा गदै आएका खड्काले २०७० सालमा खुलेको खुल्ला प्रतिपर्धावाट इन्सपेक्टरमा नाम निकालेर नेपाल प्रहरीको काम र्कत्ब्य पुरा गर्दै आएका छन् । हाल उनले महानगरीय ट्राफिक महाशाखा अर्न्तगतको बौद्ध बृत क्षेत्रमा गरिरहेको सवारी आगमन सहज सुचारु गर्न सफल नेतृत्व भुकिमा खेल्न सकेका छन् । उनको यो कार्य प्रशंसायोग्य रहेको छ ।

# उद्योग सङ्गठन मोरङद्वारा औद्योगिक सर्वेक्षण

विराटनगर । उद्योग सङ्गठनले सुनसरी मोरङ औद्योगिक करिडोर र मोरङ जिल्लाको औद्योगिक सर्वेक्षण( २०७८ सुरुआत गरेको छ । सबै औद्योगिक प्रतिष्ठानको तथ्याङ्क सङ्कलन गरी 'डाटाबेस' तयार गर्ने लक्ष्यका आइतबारदेखि सर्वेक्षण सुरु भएको हो । सङ्गठनका अध्यक्ष सुयश प्याकुरेलले एक पटक तथ्याङ्क सङ्कलन तयार गरेपछि नियमितरुपमा अद्यावधिक गरिने योजना रहेको जानकारी दिनुभयो । सङ्गठनले सञ्चालन गरेको औद्योगिक सर्वेक्षणले सुनसरी र मोरङ गरी सङ्गठनका सदस्य औद्योगिक प्रतिष्ठानको सबै र बाँकी अन्य उद्योगको समेत तथ्याङ्क सङ्कलन गरिने कार्यक्रम रहेको सङ्गठनका महानिर्देशक चूडामणि भट्टराईले बताउनुभयो । उहाँका अनुसार उद्योगका विविध आयाम समेटिएका करिब १०० प्रश्न लिएर पाँच गणक तथ्याङ्क सङ्कलनका लागि सबै उद्योग प्रतिष्ठान पुग्ने छन् । सङ्गठनले तथ्याङ्कको गुणस्तरीयतालाई मध्यनजर गर्दै गणकका लागि दुई दिनको तालिमसमेत सञ्चालन गरेको थियो । उहाँका अनुसार गणकले मोबाइल एपबाट तथ्याङ्क सङ्कलन गर्ने छन् र यसरी सङ्कलन गरिएको तथ्याङ्कको गुणस्तरीयता अनलाइनबाटै अनुगमन गर्न सकिने छ ।

## ओटो........

सुविधाको आवश्यकता पनि भएको दुईवटै करणले अटो क्षेत्रमा ठुलो लगानी भइरहेको देखाउछ। बर्षिक झण्डै ४ खर्ब (अटो क्षेत्र) सवारी साधन खरिदमा देशवाट रकम बाहिर गएको देखिन्छ। सवारी साधनहरु मानिसको आवश्यक्ता भएको हुनाले सधै यसको व्यवसायीक सम्भावना भइरहने देखिन्छ।

**नेपालको अवस्था के छ ?**

नेपालमा केही औलामा गन्न सक्ने मोटरसाइकलका एसेम्वल, लुब्रीकेटका उद्योग, टायरका उधोग भएपनि अधिकांस अटो क्षेत्रका स्पेयर पार्टस देखि करौडो पर्ने गडीहरु विदेशवाट आयत गरिदै आएको छ।

हुन त नेपालले चन्द्र शम्शेर राण शासनकालमा नै सवारी साधन वोकाएर काठमाडौ भित्रयाएको इतिहाँस छ। तर एक सताब्दी १०० बर्षभन्दा बढी बितिसक्दा पनि नेपालले एउटा साइकल उद्योगसम्म खोल्न सकेको छैन। नेपालका सम्बन्धित निकायले यसमा चासो नदिएको सहजै बुझ्न सकिन्छ।

अटो व्यवसायीहरु के भन्छन

नेपालमा सरकारले अटो प्लान्ट खोल्न ठाउँको व्यवस्थापन गरिदिने हो र केही निश्चित नीतिहरु बनाएर अटो व्यवसायीलाई प्रोत्साहित गर्ने हो भने नेपालमा तत्कालै खोल्न सकिने उद्योग तत्कालै खोल्ने र तत्कालै खोल्न नसकिनेलाई योजनामा राखेर काम गर्न सकिने बताउदै नाडा अटोमोवाइल्स एशोसिएसन अफ नेपालका अध्यक्ष समेत रहेका कृष्ण प्रासद दुलालको दावी छ। त्यस्तै राय नाडाकै महासचीव सुनिल रिजालले त नेपालमा उद्योग मैत्री वातावरण बन्ने हो भने लुब्रिकेट र साना सवारी साधनमा त आत्मनिर्भर बन्न धेरै समय नलाग्ने बताउदै आएका छन्। अन्य अटो व्यवासयीहरुले पनि सोहि अनुसारको धारणा राखेका छन्।

यसरी बार्षिक रुपमा विदेश जाने रकम र अटो व्यवसायीहरुले गरेको लगानी देख्दा वा अन्य मल्टिनेशनल कम्पनीले नयाँ(नयाँ बजार खोजिरहेको बेलामा नेपालले पनि आफ्नो देशका प्राविधिक विज्ञ इन्जिनियरको सल्लाहमा काम थालेमा नेपाल आफ्नो स्वाभिमानको साधन चढेर आनान्द लिन सक्ने सम्भावना देखिन्छ।

## नाडा....

अनधिकृत स्पेयर पार्टसको आयात रोक्न आधिकारिक व्यवसायलाई प्रोत्साहित गर्नु पर्ने बताए। उक्त छलफलमा चौधरीले नेपालको उद्योग व्यवसायको प्रवर्द्धनका लागि नीतिमा स्थिरता हुनु पर्ने भन्दै त्यस किसिमको नीति निर्माण गर्दा सरकारले नाडालाई पनि एउटा मुख्य स्टेकहोल्डरको रुपमा लिनु पर्ने बताए।

सो छलफलमा नाडाका केन्द्रीय कार्य समिति सदस्य तथा मोटरसाइकल समितिका सभापति अभिक ज्योतिले नेपालमा १६० सिसिसम्मका मोटर साइकलहरु दुई तिहाईको सख्यामा विक्री हुने बताउदै अहिलेको सेगमेण्ट परिवर्तनले मोटरसाइकल प्रयोगकर्ता हरुमा आर्थिक भार थपिन पुगेको मात्र नभई अलमलमा समेत पर्ने बताउदै सरकारले गरेको बर्तमान सेगमेण्टलाई पहिले कै अवस्थामा ल्याउदा सवैलाई सहज हुने बताएका थिए।

त्यसैगरी सो छलफलमा दुगड ब्रदर्श एण्ड सन्सका प्रवन्ध निर्देशक विवेक दुगडले सरकारले २५० सिसि भन्दा माथीका मोटरसाइकललाई हेवि सवारी साधन मानेको तर नेपालको पहाडी धराटलिय अवस्थितिका कारण र पर्यटन प्रवर्द्धनका लागि उच्च सिसिका मोटरसाइकल आवश्यक पर्ने बताए।

सो छलफलमा अर्थ मन्त्री शर्माले सरकारले नेपालमा उद्योगको उत्थानका लागि उच्च प्राथमिकता दिएको बताउनु हुदै सोही अनुरुपका नीतिहरु ल्याइएको बताएका थिए। यसबाट थप रोजगारी रोजगारी मात्र सिर्जना हुने नभई दक्ष

# मेरो उम्मेद्‌क्वारी अध्यक्षमा हो



करण कुमार चौधरी
**उपाध्यक्ष, नाडा अटोमोबाइल एशोसिएशन अफ नेपाल**

**अहिले नेपालको अटो क्षेत्रको अवस्था कस्तो रहेको छ ?**

-अटोमोबाइल क्षेत्र कोभिड महामारीबाट नराम्रोसँग प्रभावित भएको थियो। तर नजिकै आएको नेपालीहरुको महान पर्वको अवसरमा बजार खुकुलो हुदै गएको छ। जसले व्यवसायी तथा ग्रहकहरुलाई आशा जगाएको माहोल पर्वोत्सव भएको छ।

***चौधरी ग्रुपको नेपालमा मात्र नभए अन्तरष्ट्रियस्तरमा ब्यापार गर्दै आउको छ नेपालमा पछिल्लो तयारी के छ ?***

-हाम्रो मुख्य फोकस हाम्रा नेपाली नागरिकहरुको जीविको पार्जनमा रहेको छ। यस समूह को मुख्य लक्ष्य प्रत्यक्ष र अप्रत्यक्ष नेपालमा धेरै भन्दा धेरै रोजगार सिर्जना गरौ भन्ने रहेको छ। हामी विश्वास गर्छौं कि हाम्रो लक्ष्य पुरा गर्दै समृद्धशाली नेपाल बनाउन भुमिका खेल्न सक्छौ।

***तपाई नाडाको उपाध्यक्ष हुनुहुन्छ। आउदै गरेको अधिवेशनमा कुन पदको लागि तयारी छ ?***

मेरो उम्मेदवारी नाडा को अध्यक्षमा हो।

***तपाइको एजेण्डा के छन् नाडाको अध्यक्ष हुनलाई ?***

हामीलाई थाहा नै छ कि अटोमोबाइल राष्ट्रिय अर्थव्यवस्था मा सबैभन्दा ठूलो योगदान दिनसक्ने व्यवसाय हो।

यस क्षेत्र को सहजता र सुधार को लागी म सम्बन्धित सरकारी क्षेत्रहरुसँग नजिकबाट काम गरीरहेको छु। सम्मानित अध्यक्ष श्री कृष्ण प्रसाद दुलाल को वर्तमान नेतृत्वमा नाडामा धेरै प्रभावकारी काम भएको छ। उहासँगसँगै मैले सवै प्रदेशहरुमा गएर सरोकारवालाहरु संग नजिकबाट काम गरीरहेको छु वर्तमान अध्यक्ष कृष्ण प्रसाद दुलालले शुरु गर्नुभएको राम्रा कामहरुलाई पुर्ण कार्यान्वयन गर्नु मेरो मुख्य दाइत्व हुने छ। सथै व्यवसायीहरुको हितमा नीतिगत काम गर्नलाई प्रभावकारी बनाउने छु। नाडा अटोमोबाइललाई अझ सुदृढ बनाउन र देशभर मा अटोमोबाइल उद्यमीहरुको सुधारको लागी काम गर्ने मेरो प्रतिबद्धता रहेको छ।

***नेपालका अटो उपभोत्तालाई के, कस्तो सुझाव दिन चाहानुहुन्छ ?***

अटोमोबाइल एक ठूलो लगानी भएको क्षेत्र हो, यो विशेष गरी वर्तमानमा नभइनहुने साधनको रुपमा परिणत भएको छ। त्यसैले सहि सवारी साधन किन्न ग्रहकहरुमा मेरो सुझाव छ। त्यो सवारी साधन किनिसकेपछि त्यसको स्पेयर पार्टस, सजिलै प्राप्त हुन्छन कि हुदैनन् त्यो बिचार गरेर कार, जीप किन्यौ भने पछि समस्या आउदैनन् यस्तै सुझाव मेरो प्यारा ग्राहाकलाई दिन चाहान्छु।

***नेपालमा अटो प्लान्टको सम्भावना देख्नुहुन्छ ?***

हो यो सम्भव छ, स्थाई करको नीति र लगानी मैत्री वातावरण आवश्यक छ। त्यो वातावरण सरकारपक्षवाट भयो भने सम्भव छ। अटो प्लान्टमा हामी लगानी गर्छौ।

***सिजी अटोर्कपले कति शोरुम पुर्‍याउने लक्ष्य राखेको छ ?***

सुजुकीले सधैं ग्राहकको सन्तुष्टिमा विश्वास राख्दै आएको छ। त्यो विश्वासलाई कायम राख्न ग्राहकहरुको ढोकाको नजिकै उपलब्ध सेवाहरु पुगुन भनेर काम गरिरहेका छौ। त्यही उद्देश्यहरु राखेर शोरुमहरु देशका सवै क्षेत्रमा पुर्‍याई सकेका छौं। बाँकी रहेका क्षेत्रमा पनि यसै बर्ष पुर्‍याउने लक्ष्य छ।

साथै हामी धेरै बिक्री र नेटवर्क भएको कम्पनी भनेर घमण्ड गर्ने गरेका छैनौ ग्राहाकको गुनासोलाई तुरुन्तै सेवा दिदै आएका छौ। त्यसैले सेवा बिस्तार गर्न लागेका हौ।

जनसक्ती पनि तयार हुने, लगानी र उत्पादन पनि बढने भन्नु हुदै अन्तत: हाम्रो उद्धेश्य जसरी पनि देश बनाउनु रहेको बताएका थिए। उद्योग व्यवसायक्षेत्रको समस्या समाधानका लागि सरकारले कर पूनरावलोकन आयोग समेत गठन गर्न लागेको सो अवसरमा बताएका थिए। सरकारबाट कंहा कंहा कमजोरी भए त्यसको समेत समाधान गरिने बताएका थिए। सो छलफलमा नाडाका सचिव अनुप बराल, केन्द्रीय कार्य समिति सदस्य दिपक अग्रवाल, एम ए डब्लु इण्टरप्राइजेज प्रा.लि.बाट राजु श्रेत्री, एस.एल.आर टेक्नो ट्रेड प्रा.लीबाट सुगम घिमिरे समेतको उपस्थिति रहेको थियो।

## अशोक......

पाउन सक्ने हुने छ। त्यस्तै गरी दुई वटा HCV र ICV टिप्परको खरिदमा ६० ग्राम सुन तोला सुन अथवा Apple Mac Book Pro र Iphone 12 Pro Max अथवा Royal Enfield 350 CC Bullet Bike पनिपाउन सक्नु हुनेछ। HCV तथाICV टिप्परको कुनै पनि गाडीको खरिदमा माथि उल्लेखित उपहार भन्दा अझ थप अफर पनि प्राप्त गर्न सक्ने नेपालको आधिकारिक बिक्रेता आईएमइ अटोमोटिभले जनाएको छ।

यो योजना अन्तर्गत बम्परमा तीन जान भाग्यशाली जोडीलाई ५ रात ६ दिने युरोप टुरको पनि अफर ल्याएको कम्पनीले जनाएको छ। चाडपर्ब लक्षित यो योजना मंसिर ३० गतेसम्म मात्र लागु हुने बताइएको छ।

## नेपालमा.....

पेट्रोल इन्जिन दुवै छ। सुरुमाकिया सोरेन्टोले २५ किलोमिटर प्रतिघन्टा दौडिन विद्युतीय मोटर प्रयोग गर्छ, त्यसपछि टिजिडिआई पेट्रोल इन्जिनले यसलाई अघि बढाउँछ। गति बढाउँदा यसले पावर स्प्लिट ट्रान्स मिसन मार्फत विद्युतीय मोटर र टिजिडिआई पेट्रोल इन्जिन दुवै प्रयोग गर्छ। सातवटा एयर ब्याग, लेन किपिङ सिस्टम, इलेक्ट्रोनिक स्टाबिलिटी कन्ट्रोल, ट्र्याक्सन कन्ट्रोल सिस्टम र अन्य थुप्रै सुरक्षा विशेषताले यात्रुलाई भरपूर सुरक्षा सुनिश्चित गर्दछन्। नयाँ सोरेन्टो हाइब्रिडमा असाधारण ड्राइभ मोडहरु छन्। यसलाई सडकको अवस्था अनुसार नर्मल, स्पोर्ट, इको, स्मार्ट, स्यान्ड, मड र स्नो मोडमा ड्राइभ गर्न सकिन्छ। जसले सडकमा अतुलनीय रोमाञ्चकता प्रदान गर्दछ भनि किया नेपाली बिक्रेता कन्टिनेन्टलले जनाएको छ।

## इम्बोष्ट ..

बिरुद्धमा उत्रन समेत आग्रह गरेका थिए। इम्बोष्ट नम्वर प्लेट खारेज गर्नुपर्छ भनेर नेपाल अटोमोवाइल रिकन्डिशन व्यवसायी संघकै कार्यलयवाट भौतिक पुर्वधार विकास मन्त्री रामेश्वर फुयाललाई त्यँहीवाट टेलिफोन गरी इम्वोष्ट नम्वर प्लेट तत्कालै हटाउनु पर्नेमा पटक पटक जोड दिएका थिए।

मन्त्री फुयालले भने प्रदेशको सदनमा यो कुरा उठाएर छलफल गरौला अहिलेलाई बिरोधमा नउत्रिन मन्त्री फुयालले आग्रह गरेका थिए।

# कर्णाली प्रदेशसभामा गैरसरकारी विधेयक दर्ता

कर्णाली। कर्णाली प्रदेशसभा सचिवालयमा ‘सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८’ दर्ता भएको छ। प्रदेशसभा सदस्य नरेश भण्डारीले गैरसरकारी विधेयकका रुपमा सो विधेयकलाई सचिवालयमा दर्ता गराउनुभएको हो। पूर्व आन्तरिक मामिला तथा कानुनमन्त्री समेत रहनुभएका उहाँले सिंजा सभ्यताको संरक्षण गरी त्यहाँको सांस्कृतिक, ऐतिहासिक, सामाजिक, पुरातात्विक, धार्मिक एवं भाषिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विधेयक दर्ता गरेको बताउनुभयो। उहाँले सिंजा सभ्यताका बारेमा राज्यले खासै चासो नदिएकाले ऐनमार्फत अधिकार सम्पन्न संरचना निर्माण गैरसरकारी विधेयक ल्याएको जानकारी दिनुभयो। उक्त विधेयकका मस्यौदामा सिंजा सभ्यताको संरक्षण तथा विकासका लागि आवश्यक नीति, निर्माण एवं कार्यकारी परिषद्लाई निर्देशन तथा रेखदेख गर्न प्रदेशका मुख्यमन्त्रीको अध्यक्षतामा सभा गठन गर्ने व्यवस्था गरिएको छ। उक्त परिषद्मा प्रदेश सरकारबाट नियुक्त हुने उपाध्यक्षसँगै जुम्लाको सिंजा क्षेत्राबट निर्वाचित प्रदेशसभा सदस्य, प्रदेश योजना आयोग, प्रमुख सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयय, सामाजिक विकास मन्त्रालय र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था गरिएको छ। त्यसैगरी, जुम्लाको कनकासुन्दरी गाउँपालिकाका अध्यक्ष, दैलेखको दुल्लु नगरपालिकाका प्रमुख, सिंजा सभ्यता संरक्षण तथा विकासमा योगदान गरेका व्यक्तिमध्येबाट एकजना र अर्थशास्त्र, कानुन, योजना, इतिहास, मानवशास्त्र, संस्कृति, सञ्चार, पर्यटन विषयविज्ञमध्येबाट तीन जनालाई प्रदेश सरकारले सदस्यमा मनोनीत गर्न पाउने व्यवस्था विधेयकले गरेको छ। उपाध्यक्षको अध्यक्षतामा कम्तीमा एक महिलासहित दुई जना मनोनीत सदस्य, अनुसन्धान तथा प्रशिक्षण केन्द्र, लेखा प्रमुख सदस्य र कार्यकारी निर्देशक सदस्य रहने गरी कार्यकारी परिषद् गठन गर्ने व्यवस्था पनि विधेयकले गरेको छ।

# बाइकको क्षेत्रमा स्किम बिना बिक्री नै नहुने अवस्था आएको छ

***टु ह्विलरमा तपाईं कसरी सफल हुनुभएको थियो ?***

म २०५२ सालमा बजाजमा सिनियर म्यानेजरका रुपमा छिरेको थिए।



राजु क्षेत्री
**सिइओ, एमएडब्लू इन्टरप्राइजेज प्रा.लि.**

२०५६ मा म त्यसको जिएम भएको थिएँ। म बजाज छिर्दा त्यसको प्रतिवर्षको बिक्री ७ सय थियो। २०६४ मा मैले बजाज छोड्दा बिक्री ३९ हजार युनिट पुगेको थियो। त्यो बेला बजाजको मार्केट शेयर ४३ प्रतिशत थियो। त्यो बेलामा हिरो होन्डा पनि बजाजभन्दा पछि परेको थियो। त्यो बेलामा अहिले जस्तो कम्पनीमा विभिन्न विभागहरू थिएनन्। सेल्स, मार्केटिङ, एचआर सबै विभाग आफैंले ह्यान्डिल गर्नुपर्ने अवस्था थियो। त्यो अनुभव र मेहनतले केही हदसम्म सफल भएको अनुभव छ।

***यामाहामा अहिले आएको कति समय भो ? केके अध्ययन गर्नु भो ?***

यामाहामा आएको दुई महिना भयो। दुई महिनाको बीचमा धेरै डिलरको भ्रमण गरे। जापनिज उत्पादन भएकाले होला उपभोक्ता यामाहाबाट निकै खुसी भएको पाएँ। तर, डिलरको भ्रमण गर्दा अहिले स्किमबिना कुनै बाइकको पनि बिक्री राम्रो नहुने अनुभव भयो।

***डिलरले तपाईंसँग कस्तो गुनासो गरे ?***

डिलरले धेरै सहुलियत पाएका कारणले खुसी छन। तर पनि उनीहरूको विभिन्न खालको गुनासो त भइ नै हाल्छ। त्यसलाई हामीले उचित तरिकाले सम्बोधन गरेका छौं।

***यामाहाले बिक्री प्रवर्द्धनका लागि नयाँ काम के गर्दै छ ?***

तत्काल हामी नक्सालमा ५ हजार स्क्वाएर फिटको सुपर शोरुम खोल्दै छौं। त्यहाँ हामी यामाहाका १ सयदेखि १२ सय सीसीसम्मका सबै बाइक एकै छानामुनि राख्छौं। यामाहा अन्तर्राष्ट्रिय ब्रान्ड भएकाले उपभोक्तालाई अझै विश्वसनीय बनाउन यस्ता खालका शोरुमले राम्रो सहयोग हुने हामीले विश्वास गरेका छौं।

# फोर्स मोटर्सका दशैंमा दस अफर

काठमाडौं। फोर्स मोटर्सका लागि नेपालको आधिकारिक बिक्रेता हिमालय अर्गनाइजेसन अन्तर्गतको आयाम इन्टरकन्टिनेन्टल प्रा.लि.ले दसैं तथा तिहारलाई लक्षित गरी छुट अफर ल्याएको छ। फोर्स मोटर्सले ‘फोर्स मोटर्स दसैं तिहारमा १० अफर’ ल्याएको हो। अफर अन्तर्गत गाडीको मूल्यमा १० प्रतिशत नगद छुट, स्पेयर पाट्समा १० प्रतिशत छुट प्रदान गरिने महाप्रवन्धक मनोज इटानीले जानकारी दिए। १० पटकसम्म नि:शुल्क सर्भिसिङ सेवा, १० जनालाई लक्की ड्रबाट सामसुङ एफाइभटु मोडलको स्मार्ट फोन उपहार प्रदान गरिने कम्पनीले जानकारी दिएको छ। फोर्सको क्रुजर जिप र ट्राभलर माइक्रो बस तथा मिनी बसका कुनै पनि मोडेलका गाडीहरु खरिद गर्दा यो अफर पाउन सकिने हिमालय अग्रनाइजेशन तथा आयाम इन्टरकन्टिनेन्टल प्रा.लि.का अध्यक्ष धुंब थापाले जन आकाश मिडियासँग कुराकानी गर्ने क्रममा बताउनु भएको छ। उहाले आज नै अटो क्षेत्रको वारेमा समसामहिक बिषयमा कुराकानी गर्दै उक्त १० अफरको वारेमा पनि जानकारी दिनु भएको हो। फोर्स मोटर्सले अहिलेसम्म कै सबैभन्दा ठूलो अफर ल्याएको पनि उहाको भनाइ थियो। फोर्स गाडीको प्रत्येक मोडलमा ३ वर्ष वा ३ लाख किलोमिटरसम्मको वारेन्टी सुविधा उपलब्ध छ। फोर्सको केन्द्रीय कार्यालय पोखरामा र शाखा कार्यालयहरु गैरीधाराचोक काठमाडौं, पोखराको चाउथे, हेटौंडा, इटहरि, चितवन, बिराटनगर, झापा र जनकपुरमा रहेका छन्।






# टाटा मोटर्सको दशैं 'शुभकामना सर्भिस क्याम्प'





काठमाडौं । टाटा मोटर्सले दशैंको अवसरमा आफ्ना ग्राहकहरुका लागि 'शुभकामना सर्भिस क्याम्प' योजना ल्याएको छ । यो योजना असोज ४ गते देखि असोज २० गतेसम्म सञ्चालन हुने कम्पनीले बताएको छ । कम्पनीका अनुसार सम्पूर्ण टाटा कमर्सियल गाडीहरुलाई लक्षित गरी सिप्रदीका ५२ वटा सर्भिस सेन्टरहरुमा एकैसाथ यो योजना सञ्चालित हुनेछन् ।

उक्त अवधिमा टाटा कमर्सियल गाडीका ग्राहकहरुले टाटा जेन्युइन स्पेयर पार्टसमा १० प्रतिशत, ब्रेक आइटममा १५ प्रतिशत, ल्युब्रिकेन्ट्समा १५ प्रतिशत छुट पाउने छन् । साथै अन्य ल्युब्रिकेन्ट्सहरुमा हाइड्रोलिक आयल, ब्रेक आयल, कल्च आयल, कुलेन्ट तथा डीईएफमा २० प्रतिशत र एक्साइड ब्याट्रीमा २० प्रतिशत छुटको साथमा एक्सचेन्ज सुविधा शुभकामना सर्भिस क्याम्पको आकर्षण रहेको कम्पनीले जनाएको छ ।

## काठमाडौं- काकँडभित्ता बस सेवा विस्तार

काठमाडौं । घोडाघोडी यातायात प्रालिले पूर्वमा बस सेवा विस्तार गरेको छ । यसअघि काठमाडौँ-जोमसोम-मुक्तिनाथ,काठमाडौँ-बेनी-दर्वाङ, काठमाडौँ-बुर्तिवाङ-रुकुमकोट, काठमाडौँ-जाजरकोटलगायतका स्थानमा बस सञ्चालन गर्दै आएको सो यातायातले काठमाडौँ-काकँडभित्ता बस सेवा सञ्चालन गरेको हो ।

सो प्रालिले नजिकिँदै गरेको चाडपर्वलाई समेत लक्षित गरेर दुईवटा सुपर एसी बस सञ्चालनमा ल्याएको हो ।







## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गा-हो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं,



नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस